# लिखु तामाकोशी गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ७ संख्याः४ मितिः २०८०/१२/१४

### भाग–२

### लिखु तामाकोशी गाउँपालिका

## पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८०

स्वीकृत मितिः २०८०/१२/१४ गते

यस लिखु तामाकोशी गाउँपालिकामा चालु आ.व. २०८०/०८१ मा बागमती प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम “गाई प्रवर्द्धन(उन्नत जात)कार्यक्रम” र “दुग्ध प्रवर्द्धन कार्यक्रम” सञ्चालनका लागि **प्रदेश तथा स्थानीय तहमा हस्तान्तरित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८०** बमोजिम सञ्चालन गर्नुपर्ने हुँदा यस कार्यविधिको दफा ७ को उपदफा १ मा उल्लेख भएको अधिकार प्रयोग गरी यस गाउँपालिकाको आर्थिक विकास समितिको मिति २०८०/११/०४ गतेको निर्णयानुसार गठन भएको **कार्यक्रम कार्यान्वयन कार्यदलले** यस कार्यक्रमका लाभग्राहीहरूको लागि प्रोत्साहन अनुदान प्रदान गर्न पाउने मापदण्ड निर्धारण गरी यस कार्यदलले यो कार्यविधि बनाएको छ । यो कार्यविधी यस लिखु तामाकोशी गाउँपालिकाको कार्यपालिका बैठकबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ ।

यस लिखु तामाकोशी गाउँपालिकामा सञ्चालन हुने पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमहरूका लागि तपशिल अनुसारको मापदण्डमा आधारित रहेर कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

१. यस गाउँपालिकाको आर्थिक विकास समितिको मिति २०८०/११/०४ गतेको निर्णयानुसार गठन भएको कार्यदल तपशिल अनुसार रहेको छ।

**तपशिलः**

| | |
|---|---|
| पशु विकास अधिकृत | संयोजक |
| प्रशासन शाखा प्रमुख | सदस्य |
| योजना शाखा प्रमुख | सदस्य |
| प्राविधिक शाखा प्रमुख | सदस्य |
| कृषि प्राविधिक | सदस्य-सचिव |

**"गाई प्रवर्द्धन(उन्नत जात)कार्यक्रमका लागि"**

२. यस कार्यविधीमा सबै कुरा **प्रदेश तथा स्थानीय तहमा हस्तान्तरित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८०** मा उल्लेख भए बमोजिम हुनेछ, साथै उक्त कार्यविधिमा जुनसुकै कुरा लेखिएतापनी उक्त कार्यविधिको दफा ७ ले दिएको अधिकार प्रयोग गरी गठन गरिएको कार्यदलले यस कार्यक्रमका लाभग्राहीहरूको लागि यस कार्यविधिको दफा ७ को उपदफा २(क) मा दिइएको अधिकार बमोजिम तपशिलका मापदण्ड रहनेछ।

**तपशिलः**

लक्षित वर्गः लक्षित वर्ग भन्नाले यस गाउँपालिका भित्रका व्यावसायिक रूपमा गाई पालन गरिरहेका र दूध विक्री वितरण गरी रहेका, गाई पालन गर्ने उद्देश्य लिएका व्यक्तिगत फर्म, व्यवसायिक फर्म, समूह, समिती, सहकारी आदि लाई मान्न सकिन्छ।

३. **प्रदेश तथा स्थानीय तहमा हस्तान्तरित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८०** दफा ७ को उपदफा २(ख) मा दिइएको अधिकार प्रयोग गरी यस गाउँपालिका भित्रका पशु पन्छी तथा मत्स्य व्यावसाय गर्दै आएका अगुवा कृषक, उत्प्रेरकहरू, लाई परिचालन गर्न सकिनेछ।

४. **प्रदेश तथा स्थानीय तहमा हस्तान्तरित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८०** दफा ७ को उपदफा २(ग) मा दिइएको अधिकार प्रयोग गरी यस गाउँपालिका भित्रका कृषक तथा व्यावसायीहरूको स्थलगत अनुगमन तथा मूल्याङ्कन गरी उत्कृष्ठ ठहरिएका कृषक तथा व्यावसायीहरूलाई उपलब्ध बजेटको आधारमा व्यावसायको अवस्था हेरी माग र आवश्यक्ता अनुसार निश्चित अनुदान रकम यस गाउँपालिकाको कार्यालयले उपलब्ध गराउन सक्नेछ।

५. **प्रदेश तथा स्थानीय तहमा हस्तान्तरित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८०** दफा ७ को उपदफा २(घ) मा दिइएको अधिकार प्रयोग गरी यस गाउँपालिका भित्रका लाभग्राहि प्रोत्साहन अनुदानको लागि तपशिलको मापदण्ड पुगेको हुनुपर्नेछ।

क) समूह/सहकारी/समितिको हकमा प्रति सदस्य उन्नत जातको एक(१) वटा माउ गाई पालिरहेका कम्तिमा १० सदस्य हुनुपर्नेछ, साथै समूह सदस्यहरू र व्यक्तिगत फर्महरूलाई प्रोत्साहन अनुदान उपलब्ध गराउँदा खरिद प्रकृतिका सम्पुर्ण अनुदानहरू गाउँपालिकाबाट खरिद गरी उपलब्ध गराउनेछ र निर्माण प्रकृतिका सम्पुर्ण कार्यहरू प्राविधिक स्टिमेट र मूल्याङ्कनको आधारमा कार्य सम्पन्न पछि समूह/फर्मको बैंक खाता मार्फत अनुदान रकम उपलब्ध गराइने छ।

ख) व्यक्तिगत फर्म र कृषकहरूको हकमा प्रति फर्म वा प्रति सदस्य २ वटा उन्नत जातको लैना/ब्याउने माउ गाईको संख्या हुनुपर्नेछ।

**"दुग्ध प्रवर्द्धन कार्यक्रमका लागि"**

६. **व्यक्तिगत फर्म/कृषकको हकमा प्रोत्साहन अनुदानको लागि तपशिलको मापदण्ड कायम गरिएको छ:**

क) कम्तिमा दैनिक रूपमा २-५ लि. दुध विक्री वितरण गरिरहेको हुनुपर्नेछ।

ख) तिन महिना अगाडि देखि दुग्ध विक्री वितरण गरिरहेको हुनुपर्नेछ।

ग) दूध वितरण दुग्ध डेरी/चिया पसल तथा होटलमा दूध बिक्री वितरण गरेको प्रमाणित विवरण हुनुपर्ने।

७. **समूह/समिती/सहकारीहरूको हकमा प्रति सदस्य उन्नत जातको १ गोटा लैना गाई/भैसी हुनुपर्नेछ।**

क) दैनिक रूपमा १०० लि. दुध (दुग्ध डेरीमा) वा अन्य ठाउँमा दूध विक्री वितरण गरेको हुनुपर्नेछ।

८. दुग्ध सम्बन्धि प्रोत्साहन अनुदान रकम लिनका लागि समूह/सहकारी/समितिको हकमा समूह सहकारीहरू बाट नै प्रस्ताव पेश भएता पनि प्रोत्साहन अनुदान रकम भने समूह सहकारीमा आबद्ध कृषकहरूलाई प्रत्यक्ष रूपमा माग र आवश्यकता हेरी अनुदानको व्यवस्था गरिने छ।

९. प्रोत्साहन अनुदानको रकम उपलब्ध गराउँदा प्रति लिटर दुई रूपैँयाका दरले दिन सकिनेछ। साथै माग र आवश्यक्ताको आधारमा उन्नत जातको गाई/भैँसी लगायत भकारो सुधार र दुग्ध सम्बन्धी यन्त्र उपकरणहरू ५० % अनुदानमा उपलब्ध गराउन सकिने छ।

१०.प्रोत्साहन अनुदान उपलब्ध गराउँदा खरिद प्रकृतिका सम्पुर्ण अनुदानहरू गाउँपालिकाबाट खरिद गरी उपलब्ध गराउने र निर्माण प्रकृतिका सम्पुर्ण कार्यहरू प्राविधिक स्टिमेट र मूल्याङ्कनको आधारमा कार्य सम्पन्न पछि बैंक खाता मार्फत अनुदान रकम उपलब्ध गराइने छ।

लिखु तामाकोशी गाउँपालिकाको बैठकवाट मिति २०८०/१२/१४ गते पारित यो कार्यविधि लिखु तामाकोशी गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ३ को उपनियम ४ बमोजिम प्रमाणीकरण गर्दछु।

(विनोद कुमार अधिकारी)
प्रमुख प्रशासकीय अधिकृत
मिति २०८०/१२/१४